**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ११ अगस्त २०२३

समयः १८:५० – १९:०० बजे

**प्रमुख समाचार**

- प्रधानमन्त्री नरेन्द्र मोदीले केन्द्रीय सरकार, देशका किसानहरुलाई सशक्त बनाउनका लागि प्रतिबद्ध रहेको बताउनु भएको छ।
- कोलकाताका आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा मेडिकल छात्राको बलात्कारपछि हत्या भएको घटना पछि फेडरेशन अफ रेसिडेन्ट डक्टरस् एसोसीएशनले देश भरिका मेडिकल कलेज अनि अस्पतालहरुमा विरोध प्रदर्शनको आहवान गरेको छ।
- गोर्खा दुख निवारक सम्मेलन दार्जिलिंगको प्रयोजनामा १८ सितम्बर देखि पाचौ नेपाली नाट्य प्रतियोगिता आरम्भ हुन गइ रहेको छ।
- दार्जिलिंग गोर्खे हाट समूहले आगामी १५ अगस्तको दिन दार्जिलिंगको जीडीएनएस खेल मैदानमा गोर्खे हाट उद्घाटन गर्ने भएको छ।
- खरसाङ पुलिस थाना अनि गजोल पुलिस थाना मालदाको संयुक्त अभियानमा मालदाको गजोल पुलिस थाना क्षेत्रमा रहेको को-ओपरेटिभ ब्यांक लुटेर भोगेका दुईजना डकैतहरूलाई खरसाङको नयाँ बजार क्षेत्रबाट पक्राउ गरिएको छ।

**प्रधानमन्त्री कृषि**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज नयाँ दिल्लीको भारतीय कृषि अनुसन्धान संस्थानमा उच्च उपज, जलवायु-अनुकूल अनि जैव- सशक्त बालीका १०९ प्रजातिहरू जारी गर्नु भएको छ। यी प्रजातिहरू ६१ बाली हुन् जसमध्ये ३४ कृषि अनि २७ बागवानी बाली हुनू। बागवानी बालीहरूमा फलफूल, सब्जी, कन्दमूल, मसला, फूल अनि औषधीय बोटबिरुवाहरू पर्दछनू। यस अवसरमा प्रधानमन्त्रीले किसान अनि वैज्ञानिकहरुसँग पनि बात गर्नुभयो।

****** ० ******

**आर.जी. कर**

कोलकाताका आर.जी. कर मेडिकल कलेज तथा अस्पतालमा मेडिकल छात्राको बलात्कारपछि हत्या भएको घटनामा स्वास्थ्य विभागले अस्पतालका सुपरिटेन्डेन्ट सञ्जय वशिष्ठलाई लाई सुपरिटेन्डेन्टको पद बाट हटाएको छ। शुक्रबार बिहान बलात्कार तथा हत्याको घटना सार्वजनिक भएदेखि नै अस्पतालका चिकित्सक अनि विद्यार्थीहरुले अस्पतालका सुपरिटेन्डेन्टलाई हटाउन माग गर्दै आएका थिए।

तथापि अस्पतालको परिस्थितिलाई लिएर मुख्यमन्त्रीको निर्देशमा नवान्नमा मुख्य सचिवले एक आवश्यक बैठक गरे। बैठकमा कलकताका मेयर, राज्यका गृह सचिव, राज्य पुलिस डी.जी, कलकता पुलिस सी.पी, स्वास्थ्य सचिव लगायत केही उच्च स्तरीय सरकारी अधिकारीहरू उपस्थित थिए। सूत्र अनुसार, बैठकमा मुख्यमन्त्रीको निर्देश अनुसार नवान्नले बेलगाछिया ट्राम डिपोमा आर.जी कर अस्पतालको छात्रावास स्थापनाको निम्ति जमीन दिने एवं भवन निर्माण गरेर एक तलालाई पीड़ितको स्मृतिमा समर्पित गरिने निर्णय लिइयो।

यसै बीच यस जघन्य अपराधको विरोधमा डाक्टरहरूको राष्ट्रीय संगठनल फोरडा, फेडरेशन अफ् रेजिडेन्ट डाक्टर्स् एसोसिएशनले विरोध प्रदर्शनको आह्वान गरेको छ। प्राप्त जानकारी अनुसार यस जघन्य घटनाको विरोधमा सोमबारदेखि देशभरिकै अस्पतालहरू एवं स्वास्थ्य केन्द्रहरूमा हड़तालको घोषणा गरिएको छ। एक बयानमा फोरडाले भनेको छ, मेडिकल छात्राको साथ भएको यस जघन्य अपराधले समाजलाई प्रभावित गरेको छ।

****** ० ******

**महिला पुलिस तैनाथ**

उत्तर बंगाल मेडिकल कलेजको गर्ल्स होस्टेल अगाड़ि महिला पुलिस तैनाथ गरिएको छ। कलकताको आर.जी कर मेडिकल अस्पतालमा एकजना महिला डाक्टरको निर्मम हत्या पश्चात महिला सुरक्षाकर्मी तैनाथ गरिएको हो। सिलगढ़ी मेट्रोपोलिटन पुलिसले १५ जना महिला पुलिसहरूलाई तैनाथ गरेको छ। हिज उत्तर बंगाल मेडिकल कलेजका प्रधानाध्यापक इन्द्रजित शाहले अस्पतालका सुपर डा. संयज मल्लिक र अस्पतालका सबै विभागका अधिकारीहरूसित आवश्यक बैठक

गरेपछि पुलिस बल तैनाथ गर्नका साथै अस्तालका कतिपय ठाउँमा पुलिससँग मिलेर तत्कालै सी.सी.टी.भी पनि जड़ान गर्ने निर्णय लिएको पनि बताउनु भयो।

****** ० ******

**विदेश सचिव- नेपाल**

भारतका विदेश सचिव विक्रम मिसरी नेपालको दुइ दिने आधिकारिक भ्रमणमा आज काठमाण्डो पुग्नुभएको छ। उहाँ नेपालका विदेश सचिव सेवा लम्सालको आमन्त्रणमा जानुभएको हो। नेपालको विदेश मन्त्रालय अनुसार दुवै देशका विदेश सचिव नेपाल-भारत सम्बन्ध, हित तथा सहयोगसित सम्बन्धित विभिन्न मुद्दाहरूमाथि विचार विमर्श गर्नेछन्। विदेश सचिव श्री मिसरी सोमबार भारत फर्किनु हुनेछ।

****** ० ******

**भारत-बंगलादेश सीमा**

बंगलादेशमा अन्तरिम सरकार बनेपछि सीमामा घुसपैठ रोक्नको लागि बीएसएफले भारत-बंगलादेश सीमामा कडा निगरानी राख्न घोजाडंगा चेक पोस्ट नजिक पाँचवटा अत्याधुनिक सीसीटीभी क्यामेराहरू जडान गरेको छ। सूत्र अनुसार यी क्यामेराहरुको सहायताले रातिको अँध्यारोमा घुसपैठ हरुलाई सजिलै निगरानी गर्न सकिन्छ।

****** ० ******

**गोर्खे हाट उद्घाटन**

दार्जीलिङ गोर्खे हाट समूहले आगामी १५ अगस्तको दिन दार्जीलिङ्को जी.डी.एन.एस खेल मैदानमा गोर्खे हाटको उद्घान गर्ने भएको छ। उद्घाटन पश्चात प्रत्येक बिहीबार गोर्खे हाट लाग्ने जानकारी प्राप्त भएको छ।

****** ० ******

**नाटक प्रतियोगिता**

गोर्खा दुःख निवारक सम्मेलन दार्जीलिङको प्रायोजनामा १८ सितम्बरदेखि पाँचौं नेपाली नाटय प्रतियोगिता आरम्भ हुन गइरहेको छ। यसको जानकारी नेपाली नाटय उपसमितिका अध्यक्ष श्री पेम्बा बम्जनले एक पत्रकार सम्मेलनमा दिनुभयो। नाटक प्रतियोगितामा सहभागी हुनका निम्ति ३१ अगस्तभित्र आवेदन फारम सहित प्रवेश शुल्क एक हजार रुपियाँ बुझाउनु पर्नेछ। नेपाली नाटकको दिन-दिनै खस्कन्दै गएको अवस्थालाई ध्यानमा राख्दै शहर, कमान-बस्तीका नाटय कलाकार तथा निर्देशक आदिलाई प्रोत्साहन एवं कला प्रदर्शन गर्ने मंच प्रदान गर्ने उद्देश्यले जी.डी.एन.एस-ले वर्ष २०१६ देखि प्रत्येक वर्ष नाटक प्रतियोगिता आयोजन गर्दै आइरहेको छ। यस कार्यक्रमको समापन २२ सितम्बरमा हुनेछ भने प्रतियोगितामा प्रथम, द्वितीय एवं तृतीय स्थान प्राप्त गर्ने नाटय टोलीलाई नगद पुरस्कारले सम्मानित पनि गरिनेछ।

****** ० ******

**डकैट एरेस्ट**

खरसाङ थाना पुलिस र गजोल पुलिस थाना, मालदाको संयुक्त अभियानमा मालदाको गजोल पुलिस थाना क्षेत्रको को-ओपरेटिभ ब्याङ्क लुटेर भागेका दुई डकैतलाई खरसाङको नयाँ बजार क्षेत्रबाट पक्राउ गरिएको जानकारी प्राप्त भएको छ। भोलि अर्थात सोमवार डकैतहरूलाई गजोल पुलिस थाना मालदा लगिने छ। प्राप्त जानकारी अनुसार, उक्त दुई आरोपी लगायत ६ जनाले गत २४ जुलाईमा गजोल थाना क्षेत्रको एउटा सहकारी ब्याङ्क दिउँसै हतियारको बलमा लुटेको थियो। जम्मा ६ जना आरोपीहरूमध्ये चारजनालाई अघि नै पक्राउ गरिसकिएको छ भने हिजो राति रहल दुई जनालाई पनि पक्राउ गरियो। पक्रा परेका दुई आरोपीबाट पुलिसले एउटा पेस्तोल र नगदराशि एक लाख चौध हजार जफत गरेको छ। जानकारी अनुसार, दुई डकैत गत ४ अगस्तदेखि खरसाङको नयाँ बजार क्षेत्रमा एउटा घर किरायामा बस्दै आएका थिए। दुई जनामध्ये एकजनाको फोन ट्र्याक गरी यस अभियानलाई सफल पारिएको बताइएको छ।

****** ० ******

**दार्जीलिङ प्रेस गिल्ड**

दार्जिलिङ पहाडको पत्रकारहरूको संगठन दार्जीलिङ प्रेस गिल्डको वार्षिक सम्मेलन साथै चुनाव दार्जिलिङको गोर्खा दुःख निवारक सम्मेलन भवनमा सम्पन्न भएको छ। यस वार्षिक सम्मेलन तथा चुनाव वरिष्ठ पत्रकार सञ्जय विश्वासको अध्यक्षता तथा सह सचिव एंव पत्रकार धनराज घिसिङको सञ्चालनमा सम्पन्न भएको छ। यसै समारोहमा दार्जिलिङ प्रेस गिल्डको संविधान पनि लोकार्पण गरिएको छ। वार्षिक सम्मेलनको अर्को चरणमा दार्जीलिङ प्रेस गिल्डको चुनाव सम्पन्न भएको छ। उक्त चुनावमा बहुमतले दार्जिलिङ प्रेस गिल्डको सभापतिको रूपमा दोस्रो कार्यकालको लागि वरिष्ठ पत्रकार दिप गजमेरलाई

चयन गरिएको छ। त्यसरी नै सचिवमा वरिष्ठ पत्रकार आदित्य राया अनि कोषाध्यक्षमा वरिष्ठ पत्रकार मोहन लामा चयन भएका छन्।

****** ० ******

**मिरिक पञ्चायत**

मिरिक पञ्चायत समिति गठनको पहिलो वर्षागाँठ आज भब्यरुपमा पालन गरियो। पञ्चायत समिति कार्यालयमा आज सम्पन्न एउटा कार्यक्रममा समितिका चेयरमेन कैलाश खवासले केक काटेर सम्पूर्ण सदस्यबर्ग अनि जनताहरुमा शुभ कामना व्यक्त गर्नुभयो। यस अवसरमा चेयरमेन कैलाश खवासले एक बर्षमा समितिले गरेको विभिन्न उपलब्धिहरुबारे जानकारी प्रदान गर्नुहुदै एक सालको अन्तरालमा मिरिक पञ्चायत समितिले आम जनताको हित अनि बुनियादी पुर्वधार बिकासको धेरै वटा कार्यहरु गर्न सकिएको बताउनु भयो। उहाँले आगमी दिनहरुमा अझ गम्भीरतापुर्वक बिकास कार्यगति अघि बड़ाईने जानकारी दिनुभयो।

****** ० ******

**इजा पुरस्कार**

इजा प्रकाशन- घुम दार्जीलिङ्गको आयोजनामा ११ औँ इजा स्मृति दिवस ११ अगस्ट २०२४ मा दार्जीलिङ्को नेपाली साहित्य सम्मेलन भवनमा सम्पन्न भयो। कार्यक्रममा पुरस्कार अलङ्करण, सम्मान तथा पुस्तक लोकार्पण जस्ता गतिविधिहरू सम्पन्न गरियो। यसै कार्यक्रममा मञ्जुला तामाङको कथासङ्ग्रह सम्बन्ध र सम्बोधन लोकार्पण गरियो। कार्यक्रममा इजा सम्मान २०२४ प्रदान गरियो, जसमा साहित्यकारहरू श्रीमान प्रेम प्रधान, मोनिका गुरुङ तथा डा. राजकुमार छेत्रीलाई सम्मानित गरियो। यसैगरी, दोस्रो इजा पुरस्कार कवि कर्ण विरहलाई प्रदान गरियो।

****** ० ******

**हात्तीको आक्रमण**

जलपाइगुदी जिल्लाको किलकोट चिया बगानमा जंगली हात्तीहरूको आक्रमणमा हिजो राती एकजना चिया श्रमिकको घर पूर्ण रूपले क्षतिग्रस्त भयो भने घरका सदस्यहरू भाग्यले बाचेका छन्। क्षेत्रमा निरन्तर जंगली हात्तीहरूले आक्रमण गरिरहेका कारण क्षेत्रवासी भयभित हुनका साथै आक्रोशित पनि भएका छन्। स्थानीय मानिसहरूले बताए अनुसार वन विभागले राती पेट्रोलिंग न गरेको कारणले क्षेत्रमा हात्तीको उत्पात दिन-प्रतिदिन बढ्दै गइरहेको छ। गत शुक्रवार राती पनि हात्तीहरूको झुण्डले आक्रमण गरेर यस क्षेत्रको दोकान अनि घरहरूलाई भत्काइदिएको थियो। स्थानीय मानिसहरूले वन विभागसित हात्तीहरूको आक्रमणलाई रोक्नको लागि आवश्यक कदम उठाउने माग गरेका छन्

****** ० ******

************